उदयपुर जिल्ला अदालत

गाईघाट बोक्से

मेलमिलाप शाखा

☎ ०३५-४२०१९४
०३५-४२०१९५

पत्र संख्याः-०७८।०७९

चलानी नम्बरः- ६३८

मितिः-२०७८।५।०१

विषय :जानकारी पठाइएको बारे ।

श्री सर्वोच्च अदालत

मेलमिलाप परिषद

रामशाहपथ काठमाडौं ।

उपरोक्त सम्बन्धमा मेलमिलापकर्ताको रुपमा सूचिकृत रहनु भएका व्यक्तिहरुले सूची अद्यावधिक गर्न र मेलिमलापकर्ताको रुपमा यस अदालतमा सूचिकृत हुन इच्छुक महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को अनुसुची २ को ढाँचामा निवेदन दिई तोकिए बमोजिमको तालिम प्राप्त मेलिमलापकर्ताहरुलाई यस अदालतको मेलमिलाप केन्द्रमा सूचिकृत गर्न दरखास्त आव्हान गरी प्रकाशित गरीएको सूचना पाटीमा सूचना प्रकाशन गरिएको साथै उक्त सूचना यसै पत्रसाथ पठाइएको व्यहोरा जानकारीको लागि सादर अनुरोध छ ।

२०७८।५।१

(धन बहादुर कार्की)

स्रेस्तेदार(उप-सचिव)

श्रेस्तेदार
(उप सचिव)

बोधार्थ तथा कार्यार्थः

श्री सूचना प्रविधिमहाशाखा :- उक्त सूचना सर्वोच्च अदालतको website मा प्रकाशन गरी दिन हुन सादर अनुरोध छ ।

बोधार्थः

श्री उच्च अदालत विराटनगरः- जानकारीको लागि सादर अनुरोध छ ।

श्री

# उदयपुर जिल्ला अदालत

गाईघाट, बोक्से

मेलमिलाप शाखा

☎ ०३५-४२०१९४

पत्र संख्या:-०७८/७९

चलानी नम्बर:-

मिति:-२०७८।५।०१

## सूचना ! सूचना !! सूचना !!!

विषय :- मेलमिलापकर्ताको अध्यावधिक गर्ने सम्बन्धमा ।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ९ बमोजिम यस अदालतमा प्रत्येक वर्ष मेलमिलापकर्ताको सूचि अद्यावधिक गर्नु पर्ने भएकोले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचिकृत रहनु भएका व्यक्तिहरुले सूची अद्यावधिक गर्न र मेलिमलापकर्ताको रुपमा यस अदालतमा सूचिकृत हुन इच्छुक देहायका योग्यता पुगेका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावलीको अनुसुची २ को ढाँचामा निवेदन दिनु हुन देहायमा लेखिए अनुसार कागजपत्र राखी यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनहुन मेलमिलाप सम्बन्धी नियमावली,, २०७० को नियम ३ र ऐ. नियम ९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

देहाय

| क .स. | आवश्यक कागजात | अदालतमा सूचिकृत हुन चाहने मेलमिलापकर्ताको योग्यता |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | नेपाली नागरिक |
| २ | शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि | पच्चीस वर्प उमेर पूरा भएको |
| ३ | मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको |
| ४ | मेलमिलापकर्ताको पासपोर्ट साईजको फोटो २ प्रति | मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको |
| ५ | मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिईएको स्वीकृतको प्रतिलिपी, संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि | होस ठेगानमा भएको |
| | | नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको |
| | | साहूको दामासाहीमा नपरेको |
| | | मेलमिलाप सम्वन्धी ऐन, २०६८ विपरित कुनै काम गरेकोकारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाएको |

श्री उदयपुर जिल्ला अदालत बोक्से, उदयपुर

उदयपुर जिल्ला अदालतको तर्फबाट

सही:-

नाम थर:- धन बहादुर कार्की

पद:- स्रेस्तेदार (उप-सचिव)

मिति:- २०७८।५।०१।०३

श्रेस्तेदार (उप सचिव)